नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौं

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या :
च. नं. :

मितिः २०७७।०४।११

## विशेष मौसम तथा बाढी बुलेटिन

आगामी मिति २०७७ श्रावण १२ गते अपरान्हबाट श्रावण १६ गते सम्म मनसुन न्यून चापिय रेखा नेपालको तराई भू-भाग नजिक रहिरहने तथा पर्याप्त जल वाष्पयुक्त हावा पनि भित्रिने सम्भावना रहेकोले ३-४ दिनसम्म नेपालमा मनसुन सक्रिय भै देशको धेरैजसो स्थानहरुमा हल्का देखि मध्यम बर्षा भई प्रदेश नं. ५, गण्डकी, कर्णाली, सुदूर पश्चिम तथा बागमती प्रदेशहरुका केहि स्थानहरुमा तथा प्रदेश नं. १ र २ का थोरै स्थानहरुमा भारी बर्षा भई पहिरो तथा बाढी जोखिम भएकोले सतर्कता अपनाउन हुन अनुरोध छ।

२०७७ श्रावण १३ देखि १५ गतेसम्म विशेषगरि गण्डकी, कर्णाली, सदुर पश्चिम प्रदेशहरु र प्रदेश नं. ५ का मध्य पहाडी भू-भाग भई बहने नदीहरुमा जलसतह उल्लेख्य बढ्ने र केहीमा सतर्कता तह आसपास पुग्ने सम्भावना रहेको छ ।त्यसैगरि प्रदेश नं. १ र बागमती प्रदेशका मध्य पहाडी भूभाग भई बहने भोटेकोशी, बागमती नदीहरुमा समेत बहाव सामान्य बढ्ने सम्भावना देखिन्छ। उल्लेखित प्रदेशहरूका मध्य पहाडी भूभाग भई बहने अधिकाशं साना नदीनाला तथा खहरे खोलाहरूमा सो अवधिमा आकस्मिक बहाव समेत हुन सक्ने पूर्वानुमान छ ।प्रदेश नं. १, २, ५ र सुदूर पश्चिम प्रदेशका तराई चुरे भई बहने केही मझौला तथा साना खोलानालामा बहाव बढ्ने र कुनैमा आकस्मिक बहाव समेत हुनसक्ने सम्भावना रहेको हुँदा तराई र चुरे क्षेत्रका होचा डुबान भई रहने स्थानहरुमा सर्वसाधारण जनतालाई सावधान रहन तथा सरोकारवाला निकायहरुलाई आवश्यक सतर्कताका अपनाउन समेत अनुरोध गर्दछौं ।

विभागले मौसम र बाढी सम्बन्धी सूचना र बुलेटिन दैनिक रुपमा (www.mfd.gov.np, www.hydrology.gov.np), सामाजिक संजालहरु (www.facebook.com/dhmweather, www.facebook.com/FlowForecasting/), Nepal Flood Alert तथा Nepal weather forecast नामक twitter page मार्फत् सम्प्रेषण गर्दै आएको व्यहोरा जानकारी गराउँदछौं। तसर्थ विभागको दैनिक बाढी बुलेटिन हेर्नहुन, मोवाईल एस.एम.एस. खबरबाट अद्यावधिक रहन हुन र जनधन क्षति हुनबाट बच्न बेलैमा सुरक्षित उपाय अपनाउन अनुरोध छ ।आफ्नो क्षेत्रको मौसम तथा बाढीको अवस्था बारे जानकार रहन मौसमका लागि ४११३१९१ र बाढीका लागि टोल फ्रि नं. ११५५ चौविसै घण्टा संचालनमा रहने व्यहोरा समेत सरोकारवाला सम्पुर्ण महानुभावहरुलाई जानकारी गराइन्छ।

जल तथा मौसम विज्ञान विभाग